आज मिति २०८३ साल जेठ महिनाको १२ गते मंगलवारका दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को बाह्रौ बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोक्तान | वडा अध्यक्ष | |
| ८ | विष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | सन्जीमाया |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | ज्ञानुमाया |
| १३ | साबित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | Rita |
| १७ | बद्रिनाथ लम्साल | सदस्य सचिव | |

अन्य उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मनिष गोतामे | का. व. स्हायक | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |

CamScanner

बैठक मितिः २०८३/०२/१२

## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

३. विषयगत समितिको बैठक सम्बन्धमा।

४. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक सम्बन्धमा ।

५. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक सम्बन्धमा।

६. विविध ।

CamScanner

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** कार्यालयले चालु आर्थिक वर्ष २०८२/०८३ मा संकलन गरेको राजस्व, चालु आ.व.को हाल सम्मको निकासा खर्च र निर्माण व्यवसायीले (ठेकेदार द्वारा) गरेको पूर्वाधार तर्फका योजनाको बारेमा वृहत छलफल गरियो ।

**निर्णय नं. २ सार्वजनिक सुनुवाई सम्बन्धमाः-** मिति २०८३ साल जेष्ठ १३ गते हुने कार्यालयको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रममा सम्पूर्ण कार्यपालिका सदस्य, कर्मचारी र अन्य सरोकरवालालाई तोकिएको समयमै तोकिएको स्थानमा उपस्थित भै कार्यक्रमलाई समन्वय, सहकार्य गरी आ-आफ्नो क्षेत्रका सम्बन्धमा उठान भएका विषयहरुमा स्पष्ट पार्ने निर्णय गरियो ।

**निर्णय नं. ३ विषयगत समितिको बैठक सम्बन्धमाः-** गाउँ सभा तथा कार्यपालिकाका विभिन्न विषयगत समितिहरुबाट आ.व. २०८२/०८३ मा भए गरेका कार्यहरुका सम्वन्धमा समितिको बैठक वसि वर्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्न समितिका सदस्य सचिवहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक सम्बन्धमाः-** गाउँपालिकालाई प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटवाट प्राप्त हुने रकम, अनुदान र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाता तथा बजेट सीमा निर्धारणको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को उपदफा (१) वमोजिम गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५ बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक सम्बन्धमाः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को उपदफा (१) वमोजिम गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको आय प्रक्षेपण र वितरणको खाका र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ विविधः-** कार्यसञ्चालनका लागि आगामी दिनमा आवश्यकता अनुसार बैठक बस्ने गरि आजको बैठक सौहार्द पूर्ण वातावरणमा सधन्यवाद समापन गरियो ।